*स्वीकृत मिति: २०८१/०९/०२*

# स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावना:** सुदूरपश्चिम प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट आर्थिक वर्ष २०८१/८२ मा कृषि तथा पशुपन्छी क्षेत्रको उत्पादन वृद्धिका लागि स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कार्यक्रमहरूको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले सुदूरपश्चिम प्रदेश सरकारबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि क्षेत्रको उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रिकीकरण, विविधीकरण, व्यावसायीकरण, आधुनिकीकरण, औद्योगीकरण तथा गरिबी निवारण समेतका लागि छनौट भएका लाभग्राहीलाई प्रचलित कानुन अनुसार लेखा राख्ने लगायतका वित्तीय उत्तरदायित्व वहन गर्ने गरी प्रदान गरिने आर्थिक सुविधा, वस्तुगत सहायता, पूर्वाधार विकास वा उपलब्ध गराइने कृषि सामग्री, उपकरण तथा अन्य सहायता सम्झनुपर्छ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषक, कृषक समूह, कृषि कार्यमा संलग्न सहकारी, कृषिसँग सम्बन्धित समिति र कृषि उद्यमी (फर्म वा कम्पनी) सम्झनुपर्छ।

(ग) "जिल्लास्थित कार्यालय" भन्नाले मन्त्रालय मातहतको जिल्लास्थित कृषि ज्ञान केन्द्र वा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई सम्झनुपर्छ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

(घ) "लाभग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समिति र कृषि व्यवसायी सम्झनुपर्छ।

(ङ) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय वा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनुपर्छ।

(च) "मन्त्रालय" भन्नाले सुदूरपश्चिम प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ।

(छ) "सशर्त कार्यक्रम" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुदूरपश्चिम प्रदेशबाट सशर्त वित्तीय हस्तान्तरणमार्फत स्थानीय तहमा पठाइएका कृषि तथा पशुपन्छी सम्बन्धी कार्यक्रम सम्झनुपर्छ।

(ज) "स्थानीय तह" भन्नाले सुदूरपश्चिम प्रदेशभित्रका उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका सम्झनुपर्छ।

## परिच्छेद -२

## व्यवस्थापकीय पक्ष

३. **अनुदान उपलब्ध गराउन सक्ने :** स्थानीय तहले स्वीकृत सशर्त कार्यक्रम बमोजिम यस कार्यविधिको परिच्छेद-३ मा उल्लिखित कार्यक्रमहरूको उद्देश्य, प्रमुख क्रियाकलापहरू र न्यूनतम मापदण्ड/प्रासङ्गिक विषय अनुसार कार्यक्रम सञ्चालन गर्न र अनुदान उपलब्ध गराउन सक्नेछ।

४. **अनुदान प्रतिशतः** स्थानीय तहले सशर्त कार्यक्रम अन्तर्गत सञ्चालन गर्ने कृषि तथा पशुपन्छी विकास कार्यक्रमको अनुदानको प्रतिशत देहाय बमोजिम हुनेछः-

(क) सार्वजनिक निकायबाट निर्माण गरिने कृषि पूर्वाधार निर्माण (सार्वजनिक कृषि पूर्वाधार) को हकमा शत प्रतिशत हुनेछ ।

(ख) कृषक समूह वा कृषि सहकारीबाट निर्माण हुने सामुदायिक प्रयोजनका कृषि पूर्वाधारहरू (सामुदायिक कृषि पूर्वाधार) को हकमा अधिकतम पचासी प्रतिशत हुनेछ ।

(ग) कृषि फर्म वा कम्पनी मार्फत निर्माण गरिने व्यावसायिक प्रयोजनका कृषि पूर्वाधारहरू (निजी कृषि पूर्वाधार) को हकमा अधिकतम पचास प्रतिशत हुनेछ ।

(घ) प्रविधि प्रसार, बाली संरक्षण, माटो सुधार तथा तालिम गोष्ठी जस्ता सार्वजनिक निकायबाट सञ्चालन हुने कार्यक्रमको हकमा अधिकतम शत प्रतिशत हुनेछ ।

(ङ) कृषि सामग्री र मेशीनरीको हकमा अनुदानको सीमा पचास प्रतिशत हुनेछ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

५. **<u>समन्वय तथा अनुगमन समितिः</u>** (१) मन्त्रालयमा सशर्त कार्यक्रम कार्यान्वयन प्रक्रियामा सहजीकरण, समन्वय र अनुगमनका लागि देहाय बमोजिमको समन्वय तथा अनुगमन समिति हुनेछ।

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | संयोजक |
| (ख) | प्रमुख, पशुपन्छी तथा मत्स्य विकास महाशाखा, मन्त्रालय | सदस्य |
| (ग) | प्रमुख, कृषि व्यवसाय प्रवर्द्धन तथा खाद्य सुरक्षा महाशाखा, मन्त्रालय | सदस्य |
| (घ) | प्रमुख, भूमि व्यवस्था महाशाखा, मन्त्रालय | सदस्य |
| (ङ) | प्रमुख, कृषि विकास निर्देशनालय वा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| (च) | प्रमुख, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| (छ) | प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय | सदस्य |
| (ज) | प्रमुख, कानुन तथा फैसला कार्यान्वयन शाखा,मन्त्रालय | सदस्य |
| (झ) | प्रमुख, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय | सदस्य-सचिव |

(२) समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सशर्त कार्यक्रमको प्रभावकारी कार्यान्वयको लागि प्रदेशभित्र रहेका संघीय निकाय, अन्तर्गतका निकाय र स्थानीय तहसँग आवश्यक समन्वय गर्ने,

(ख) स्थानीय तहका सशर्त कार्यक्रमको अनुगमन एवम् समीक्षा गर्ने,

(ग) सशर्त कार्यक्रम सञ्चालन सम्बन्धमा आइपरेका समस्याहरूको समाधानका लागि समन्वय गर्ने,

(घ) यस कार्यविधि अनुसार समितिले गर्नु पर्ने अन्य कार्यहरू गर्ने तथा गराउने।

६. **<u>माग सङ्कलनः</u>** (१) सम्बन्धित स्थानीय तहले यस कार्यविधि बमोजिमका सशर्त कार्यक्रममा सहभागी हुन लक्षित वर्गबाट माग सङ्कलन गर्न अनुसूची -१ बमोजिम सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) यस कार्यविधिको परिच्छेद -३ अन्तर्गत विभिन्न कार्यक्रम शीर्षकमा तोकिएका मापदण्ड/प्रासाङ्गिक पक्ष पूरा गर्ने गरी इच्छुक निवेदकले अनुसूची -२ बमोजिम सम्बन्धित स्थानीय तहमा आवेदन दिनु पर्नेछ।

७. **<u>लाभग्राही छनौटः</u>** (१) स्थानीय तहले सशर्त कार्यक्रमहरू अन्तर्गत अनुदान प्रदान गरिने कृयाकलापहरूको लागि प्रस्ताव मूल्याङ्कन तथा छनौट गर्न एक समिति गठन गर्न सक्नेछ।

तर, स्थानीय तहमा कृषि तथा पशुपन्छी सम्बन्धी कार्यक्रम सञ्चालनको लागि समिति रहेको खण्डमा सोही समितिले कार्य गर्न सक्नेछ।

(२) समितिले आवश्यकता अनुसार विषय सम्बद्ध पदाधिकारी, विज्ञ तथा प्रदेश सरकारको जिल्ला स्थित कार्यालयका प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

(३) दफा ७ को उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन तथा छनौटको आधारहरू तयार गर्ने,

(ख) प्राप्त निवेदनको मूल्याङ्कन र स्थलगत अनुगमन गरी लाभग्राही छनौट गर्ने,

(ग) छनौट भएका लाभग्राहीलाई उपलब्ध गराइने अनुदान रकम यकिन गर्ने र सम्झौताको लागि सिफारिस गर्ने,

(घ) सम्झौता अनुसार सम्पन्न भएका कार्यको अनुगमन तथा प्रमाणीकरण गर्ने,

(ङ) कार्यक्रमको अनुगमन गरी पृष्ठपोषण दिने।

८. **अनुदान प्रवाहः** (१) सशर्त कार्यक्रम अन्तर्गत क्रियाकलापहरू सञ्चालन गर्दा लाभग्राहीलाई प्रदान गरिने सेवा सुविधा सम्बन्धी व्यवस्था दफा-४ अनुसार हुनेछ।

(२) छनौट भएका लाभग्राहीले सञ्चालन गर्नुपर्ने क्रियाकलाप सोको समयसारिणी एवम् पालना गर्नुपर्ने सर्त तथा अनुदान रकम एवम् भुक्तानीको विधि उल्लेख गरी सम्बन्धित स्थानीय तहले अनुसूची -३ अनुसार लाभग्राहीसँग सम्झौता गर्नेछ।

(३) सञ्चालन गरिने कार्यक्रमको बारेमा लाभग्राहीले अनुसूची -४ बमोजिमको जानकारीमूलक होर्डिङ्ग बोर्ड कार्यक्रम स्थलमा राखु पर्नेछ।

(४) उपदफा (२) अनुसार भएको सम्झौता बमोजिम कार्य सम्पादनको आधारमा सम्बन्धित स्थानीय तहले लाभग्राहीलाई बैंक खातामार्फत अनुदान रकम भुक्तानी गर्नेछ।

(५) सम्झौता बमोजिम लाभग्राहीको तर्फबाट व्यहोर्नु पर्ने/लगानी गर्नुपर्ने रकमको सुनिश्चितताको लागि आवश्यकता अनुसार सम्झौता गर्नुअघि सम्बन्धित पक्षबाट लगानी गर्नुपर्ने रकम बराबरको जमानत (नगद धरौटी वा ऋण स्वीकृत भएको बैंकको प्रतिबद्धतापत्र वा बैंक ग्यारेन्टी वा जगेडा कोष वा पुँजी प्रमाणित हुने कागजपत्र) सम्बन्धित स्थानीय तहमा पेस गर्नु पर्नेछ।

९. **अनुदानको भुक्तानीः** (१) अनुदान रकम सोझै लाभग्राहीको बैङ्क खातामा जम्मा हुने गरी भुक्तानी गरिनेछ।

(२) अनुदान रकमको भुक्तानी सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ। कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित स्थानीय तहको जिम्मेवार प्राविधिकले स्थलगत निरीक्षण गरी तयार पारेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा लाभग्राहीलाई अन्तिम भुक्तानी गरिनेछ।

१०. **कार्यक्रम अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनः** (१) कार्यक्रम सञ्चालनको लागि छनौट भएको क्षेत्र/क्लष्टर, छनौट भएको विषय र लाभग्राहीसँग भएको सम्झौताको विवरण सम्बन्धित स्थानीय तहले नियमित अद्यावधिक गरी प्रकाशन गर्नेछ।

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

(२) सम्बन्धित स्थानीय तहले त्रैमासिक एवम् वार्षिक प्रगति विवरण अनुसूची -५ बमोजिमको ढाँचामा जिल्ला स्थित कार्यालय र मन्त्रालयमा पठाउनु पर्नेछ। यस बाहेक समय समयमा माग भए बमोजिमको प्रगति तथा अन्य विवरण समेत पठाउनु पर्नेछ।

(३) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रमको अनुगमन मन्त्रालय वा मन्त्रालय मातहतका जिल्लास्थित कार्यालय तथा स्थानीय तहबाट संयुक्त वा छुट्टाछुट्टै पनि हुन सक्नेछ।

(ख) अनुगमनको क्रममा दिइएका मौखिक वा लिखित निर्देशनहरूको पालना गर्नु सम्बन्धित स्थानीय तह र लाभग्राहीको कर्तव्य हुनेछ।

## परिच्छेद -३
## स्थानीय तहमा वित्तीय हस्तान्तरित सशर्त अनुदान कार्यक्रमहरू र सञ्चालनका प्राविधिक पक्ष

**११. उत्पादनमा आधारित अनुदानः** (१) स्थानीय संभाव्यता रहेका बालीहरूको प्रवर्द्धन तथा व्यवसायिक खेती तर्फ प्रोत्साहन गर्न उत्पादनमा आधारित अनुदान कार्यक्रम कार्यान्वयन हुनेछ।

(२) यस कार्यक्रमका लक्षित वर्ग तोकिएका बाली/वस्तुहरू उत्पादन गर्न इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म, कम्पनीहरू हुनेछन्।

(३) यस कार्यक्रम अन्तर्गत खेती गर्नु पर्ने न्यूनतम क्षेत्रफल र अधिकतम अनुदान निम्न बमोजिम हुनेछः-

**कृषितर्फ**

| बाली/वस्तु | खेती गरिएको न्यूनतम क्षेत्रफल/विरुवा संख्या/गोला सहित घार संख्या | रकम |
|---|---|---|
| चैते धान | तराईमा ५ कट्ठा | प्रति कट्ठा रु.६०० |
| | पहाडमा २ रोपनी | प्रति रोपनी रु.९०० |
| काडामाण्डौ बासमती धान | पहाडमा २ रोपनी | प्रति रोपनी रु.१००० |
| बसन्ते मकै | तराईमा ५ कट्ठा | प्रति कट्ठा रु.५०० |
| जौ | पहाडमा २ रोपनी | प्रति रोपनी रु.७०० |
| मुङ्ग | तराईमा ३ कट्ठा | प्रति कट्ठा रु.१००० |
| भटमास | तराईमा ३ कट्ठा | प्रति कट्ठा रु.१५०० |
| | पहाडमा २ रोपनी | प्रति रोपनी रु.७०० |
| प्याज | तराईमा ३ कट्ठा | प्रति कट्ठा रु.१५०० |
| | पहाडमा २ रोपनी | प्रति रोपनी रु.२००० |
| तरकारी | पहाडमा २ रोपनी | प्रति रोपनी रु.१५०० |
| आलु/स्थानीय आलु | पहाडमा ३ रोपनी | प्रति रोपनी रु.७०० |
| सुन्तला जात फलफूल | ३० बोट माथि | प्रति बोट रु.१०० |

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

| | | |
|---|---|---|
| विरुवा स्याहार अनुदान | | |
| अदुवा/बेसार | पहाडमा २ रोपनी | प्रति रोपनी रु.१५०० |
| कोदो/चिनो/कागुनो | पहाडमा २ रोपनी | प्रति रोपनी रु.७०० |
| मास/गहत/सिमी (सोइटा)/राजमा/ चिनो/मार्से (रामदाना)/ स्थानीय चोतो | पहाडमा २ रोपनी | प्रति रोपनी रु.७०० |
| स्थानीय गुणका लागि उखु खेती | पहाडमा २ रोपनी | प्रति रोपनी रु.१००० |
| मह | १० घार | प्रति घार रु.१००० |

**पशुपन्छी तर्फ**

| घाँस बाली | खेती गरिएको न्यूनतम क्षेत्रफल | अनुदान रकम |
|---|---|---|
| घाँस-अम्रिसो | पहाडमा ३ रोपनी | प्रति रोपनी रु.३००० |
| बहुवर्षीय घाँस | तराईमा १० कट्ठा | प्रति कट्ठा रु.१००० |

(४) कार्यक्रम सञ्चालनका लागि अन्य न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयहरू निम्न बमोजिम हुनेछः-

(क) खेती गरिएको बालीको हकमा एकल बालीको क्षेत्रफललाई आधार लिनु पर्नेछ।

(ख) एउटै क्लष्टरमा बढीभन्दा बढी क्षेत्रफलमा खेती गर्नेलाई प्राथमिकता दिइनेछ।

(ग) सुन्तलाजात फलफूलको विरुवा स्याहार अनुदानको हकमा प्राविधिक दृष्टिले विरुवाको वृद्धि विकास राम्रो भएको हुनु पर्नेछ।

(घ) मौरी गोला सहितको घारको हकमा घार उत्पादनशील हुनु पर्नेछ।

(ङ) बालीहरूको हकमा लगाएको पैतालिस दिन पश्चात सम्बन्धित स्थानीय तहको कृषि प्राविधिकले स्थलगत प्रमाणीकरण गरी अनुदान उपलब्ध गराउन सकिनेछ।

तर कोदो बालीको हकमा बाली लगाएको क्षेत्रफल, बालीको वृद्धि विकास र उत्पादन आँकलन गरी ३० दिनभित्र स्थलगत प्रमाणीकरण गरी अनुदान उपलब्ध गराउन बाधा पर्ने छैन।

१२. **<u>स्थानीय तहसँगको साझेदारीमा कृषि तथा पशुपन्छी विकास कार्यक्रम</u> :** (१) स्थानीय तह र विकास साझेदारीसँगको लागत साझेदारी कृषि तथा पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन हुनेछ।

(२) यस कार्यक्रमका लक्षित वर्ग स्थानीय तहभित्रका कृषक, कृषक समूह, कृषि सहकारी, निजी उद्यमी हुनेछन्।

(३) यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिने क्रियाकलापहरू कृषकका माग, हावापानी र भौगोलिक सम्भाव्यताका आधारमा सम्बन्धित स्थानीय तहले निर्धारण गर्नेछ।

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

(४) यस कार्यक्रममा अनुदान प्रतिशत र अधिकतम सीमा दफा ४ बमोजिम हुनेछ।

**१३.** **<u>कृषि यान्त्रीकरण सहयोग कार्यक्रम :</u>** (१) कृषि कार्यमा लागत न्यूनीकरण गर्न र कार्यबोझ घटाउन यो कार्यक्रम कार्यान्वयन हुनेछ।

(२) यस कार्यक्रमका लक्षित वर्ग स्थानीय तहभित्रका कृषि फर्म, कृषक समूह, कृषि सहकारी हुनेछन्।

(३) यस कार्यक्रम अन्तर्गत साना तथा मझौला कृषियन्त्र तथा उपकरणहरू खरिदको लागि बढीमा ५०% अनुदान उपलब्ध गराउन सकिनेछ।

(४) कार्यक्रम सञ्चालनका लागि न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयहरू निम्न बमोजिम हुनेछः-

(क) यस कार्यक्रम अन्तर्गत पावर टिलर/मिनी टिलर, रिपर, मिनी थ्रेसर, विडर, मिनी हार्भेष्टर, ब्रस कटर, कम्वाइन मिल, स्प्रेयर र अन्य साना तथा मझौला मेसिनरीहरू राख्न सकिनेछ।

(ख) न्यूनतम ५ रोपनीभन्दा बढी क्षेत्रफलमा व्यावसायिक कृषि गरिरहेका कृषकहरूलाई प्राथमिकता दिइनेछ।

**१४.** **<u>लागत साझेदारीमा कृषि उपज बजारीकरणका लागि कृषि एम्बुलेन्स :</u>** (१) किसानले उत्पादन गर्ने तरकारी, फलफूल, दुग्ध जन्य, मासु जन्य तथा अन्य नाशवान् कृषि उपजहरूको सहज आपूर्ति, सुरक्षित र समयमै ढुवानी गरी क्षतिको न्यूनीकरण, स्थानीय उत्पादनलाई प्रोत्साहन र उपभोक्तालाई सहज रूपमा ताजा कृषि उपजको उपलब्धतामा सहयोग पुर्याउन उपयुक्त प्रविधि वा सुविधा सहितको कृषि एम्बुलेन्स कार्यक्रम सञ्चालन गरिनेछ।

(२) स्थानीय तहले सरोकारवालाहरूको साझेदारीमा सञ्चालन मोडालिटी स्वीकृत गरी कृषि एम्बुलेन्स सञ्चालन गर्नेछ।

(३) यस कार्यक्रमको प्रमुख क्रियाकलापहरू निम्न बमोजिम रहने छनः-

(क) कृषि एम्बुलेन्स प्रयोजनका लागि Single Cab गाडी खरिद।

(ख) कृषि एम्बुलेन्स प्रयोजनका लागि खरिद गरिएको गाडीमा उपयुक्त प्रविधि (चिस्यान) वा सुविधा जडान।

(४) यस कार्यक्रम अन्तर्गत कृषि एम्बुलेन्स खरिद गर्नका लागि बढीमा ५० प्रतिशतको अनुदान उपलब्ध गराइनेछ।

(५) सञ्चालन मोडालिटीमा निम्न विषय वस्तु समेटिएको हुनु पर्नेछः-

(क) कृषि एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले स्थानीय तहले तोके अनुसारको रकम सेवा शुल्कको रूपमा बुझाउनु पर्नेछ।

(ख) कृषि एम्बुलेन्स सेवा वापत उठेको रकम स्थानीय तहको बैंक खातामा जम्मा गर्नु पर्नेछ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

(ग) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि स्थानीय तहले नगदी रसिद छपाई गरी उपलब्ध गराउनेछ। नगदी रसिदको अभिलेख नियन्त्रण खाता, लगबुक कृषि शाखामा राखिनेछ।

(घ) सेवा दिएबापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेबारी सम्बन्धित चालक र कृषि शाखा प्रमुखको हुनेछ।

(ङ) कृषि एम्बुलेन्स सेवा बापत उठेको रकम स्थानीय तहले स्वीकृत गरेको वार्षिक कार्ययोजना अनुसारको कार्यमा मात्र खर्च गर्न पाइनेछ।

(च) कृषि एम्बुलेन्स सेवा सञ्चालनका लागि स्थानीय तहले नियमानुसार सार्वजनिक सूचना प्रकाशन गरी योग्यता पुगेको चालक सेवा करारमा राखेछ।

(छ) कृषि एम्बुलेन्स सेवा वापत उठेको रकमबाट सामान्यतया चालकको तलव भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र कृषि एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ।

(ज) एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी स्थानीय तहले तोकेको पदाधिकारी र चालकको हुनेछ।

(झ) कृषि एम्बुलेन्स सेवा किसानहरूको तरकारी, फलफूल, दुग्ध जन्य, मासु जन्य तथा अन्य नाशवान् कृषि उपजहरू शहर तथा बजार क्षेत्रका उपभोक्तासम्म ढुवानी गर्ने कार्यमा मात्र प्रयोग गर्नुपर्नेछ।

१५. <u>बिउ प्रशोधन तथा भण्डार गृह निर्माण :</u> (१) यस कार्यक्रम अन्तर्गत बिउ प्रशोधन तथा भण्डारणका लागि संरचना निर्माण र प्रशोधन मेसिनरी जडान कार्य गरिनेछ।

(२) यस कार्यक्रमका लक्षित वर्ग बिउ उत्पादन वा कारोबार अनुमति प्राप्त इच्छुक कृषक समूह, सहकारी, फर्म/कम्पनी हुनेछन्।

(३) यस कार्यक्रम अन्तर्गत अनुदान प्रतिशत र अधिकतम सीमा दफा ४ बमोजिम हुनेछ।

(४) कार्यक्रम सञ्चालनका लागि न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयहरू निम्न बमोजिम हुनेछः-

(क) यस कार्यक्रम अन्तर्गत बिउ प्रशोधन/भण्डार गृह संरचनाको निर्माण, सिड ट्रिटमेन्ट, सेपरेटर लगायतका प्रशोधन तथा मेसिनरी जडान कार्य गरिनेछ।

(ख) बिउ प्रशोधन/भण्डार गृह संरचनाको निर्माण यथासम्भव सहकारी/फर्म/कम्पनीको नाममा रहेको जग्गामा गर्नुपर्नेछ र निजी जग्गामा पूर्वाधार निर्माण गर्दा कम्तीमा २० वर्ष अवधिका लागि प्रचलित कानुन बमोजिम लिजमा लिएको हुनु पर्नेछ।

१६. <u>स्थानीय तहको लागत साझेदारीमा कष्टम हायरिङ्ग सेन्टर स्थापनाः</u> (१) कष्टम हायरिङ्ग सेन्टर स्थापना गरी स्थानीय कृषकहरूलाई प्रचलित बजार मूल्यभन्दा कम दरमा भाडामा कृषि यन्त्र तथा उपकरण उपलब्ध गराउने यो कार्यक्रम कार्यान्वयन हुनेछ।

(२) यस कार्यक्रमका लक्षित वर्ग स्थानीय तह, निजी कम्पनी, कृषि सहकारी हुनेछन्।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

(३)यस कार्यक्रम अन्तर्गत मझौला तथा ठूला कृषि यन्त्र तथा उपकरणहरू खरिदको लागि ५०% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ।

(४)कष्टम हायरिङ्ग सेन्टरहरूमा लेजर ल्याण्ड लेभलर, ट्याक्टर, ड्रायर, जिरो टिलेज सिड कम फर्टिलाइजर ड्रिल, ह्यापी सिडर, रिपर,पावर टिलर, मिनी हार्भेष्टर, थ्रेसर, सिड ट्रिटमेन्ट ड्रम र अन्य मझौला तथा ठुला मेसिनरीहरू राख्न सकिने छ ।

## परिच्छेद -४

## विविध

१७. **सार्वजनिक गर्नुपर्ने:** लाभग्राहीलाई अनुदान उपलब्ध गराउने स्थानीय तहले अनुदान सम्बन्धी विवरण वेबसाइटमा वा सूचनापाटी मार्फत सार्वजनिक गर्नु पर्नेछ।

१८. **अनुदान दुरूपयोग गर्न नहुने**ः यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदानको दुरुपयोग गरेमा प्रचलित कानुन बमोजिम हुनेछ।

१९. **दोहोरो सुविधा लिन नपाउने:** (१) लाभग्राहीले एउटै कामको लागि संघ, प्रदेश वा स्थानीय तह वा एकभन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन।

तर अन्य साझेदार निकायसँग स्पष्टसँग सम्झौता भई लागत इष्टिमेटमा समेत साझेदारीको हिस्सा उल्लेख गरिएको अवस्थामा अनुदान प्रदान गर्न बाधा पर्ने छैन।

(२) अनुदान प्रवाह गर्दा विगतमा अनुदान प्राप्त नगरेकाहरूलाई प्राथमिकता दिनु पर्नेछ।

तर बहुवर्षीय प्रकृतिका आयोजना तथा एकै सम्झौतामा स्पष्ट पारी फरक कार्य गर्ने गरी अनुदान प्राप्त गर्ने कृषक/फर्म/समूह वा अन्य लाभग्राहीलाई बाधा पर्ने छैन।

२०. **सम्झौता बमोजिम हुने :** यस कार्यविधि अनुरूप सञ्चालन हुने क्रियाकलाप र विकास गरिएका पूर्वाधार तथा सुविधाको प्रयोग सम्झौतामा तोकिए बमोजिमको प्रयोजनका लागि मात्र गरिनेछ र कार्यक्रम सञ्चालन गर्ने निकायको पूर्व स्वीकृति बेगर तोकिएको अवधिभित्र कुनै प्रकारको फेरबदल वा संरचनाको स्वरूप परिवर्तन, बिक्री वितरण कार्य गर्न पाईने छैन।

२१. **गुनासो व्यवस्थापन:** लाभग्राहीको अनुदान प्राप्तिका सम्बन्धमा कुनै गुनासो भएमा सोको निवारण गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

२२. **प्रचलित कानुन बमोजिम हुने:** यस कार्यविधिमा लेखिएका विषयमा यसै बमोजिम र अन्य कुराका हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

२३. **बाधा अड्काउ फुकाउने :** यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा वा कुनै बाधा परेमा मन्त्रालयले आवश्यक निर्णय गरी बाधा अडकाउ फुकाउन सक्नेछ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## अनुसूची -१

### (दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

................ कार्यक्रमका लागि प्रस्ताव आव्हानको सूचना (ढाँचा)

यस .......................... .को आर्थिक वर्ष...........को वार्षिक स्वीकृत कार्यक्रम अनुसार...... अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा स्थानीय तहका कृषि व्यवसाय एवम् सहकारी सम्बन्धी संलग्न इच्छुक कृषक समूह/कृषि सहकारी संस्था/कृषि फार्म/उद्यमी कृषकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रथम प्रकाशन भएको मितिले ... दिनभित्र .......... कार्यालयमा तपसिल अनुसारका कागजातहरू सँगलग्न राखी आवेदनसहित प्रस्ताव आव्हान गरिएको छ। यस सम्बन्धी थप जानकारीका लागि वेबसाइट ............. वा फोन नं. ............ मा सम्पर्क गर्न सकिनेछ।

**<u>आवश्यक कागजात:</u>**

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि।

२. कृषि व्यवसाय गर्ने अनुसूची अनुसारको प्रस्ताव (व्यवसायिक उत्पादनको हकमा)।

३. निजी फर्मको हकमा गत आ.व. को संस्थाको लेखा परीक्षण भएको प्रतिवेदन फोटोकपी।

४. निजी फर्मको हकमा गत आ.व. सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित स्थानीय तहको प्रमाण।

५. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि।

६. प्रतिवद्धता पत्र।

७. आयोजना सम्बन्धी अन्य आवश्यक कागजातहरू।

**नोटः- सूचनामा व्यवसायिक वा लक्षित वर्ग विशेष कार्यक्रम छुट्याइ प्रकाशन गर्न सकिने।**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

**अनुसूची -२**

**(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)**

**अनुदानको लागि पेस गर्ने निवेदनको ढाँचा**

मितिः२०८१/.../...

विषयः अनुदान रकम उपलब्ध गराइदिनुहुन।

श्रीमान् ....................

........................... कार्यालय,

स्थानीय तह, ..............।

महोदय,

तहाँ कार्यालयबाट मिति ....................... मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको ........................ कार्यक्रमको उद्देश्य, लागत, समयावधि लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ। कार्यक्रम सञ्चालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछौं/छु।

**तपसिलः**

अनुदानग्राहीको नामः
ठेगानाः
स्थानीय तह/प्रदेशः
वडा नं
कार्यक्रमको नामः
कार्यक्रमको उद्देश्यः
अनुदान रकम आवश्यक पर्नुको कारणः
सञ्चालन गरिने कार्यक्रमः क्रमागत भए गत आ.व. सम्मको लेखापरीक्षण प्रतिवेदन
कार्यक्रम सञ्चालन गर्न लाग्ने कुल लागतः
कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः
कार्यक्रम सञ्चालन गर्ने कार्ययोजनाः
कार्यक्रमबाट लाभान्वित जनसंख्याः

निवदेक

कृषक समूह/कृषि सहकारी संस्था/कृषि फार्म/उद्यमी कृषक
अध्यक्ष/प्रतिनिधिको दस्तखतः
नाम थरः पदः
सम्पर्क फोन नं. मितिः

संस्थाको छाप

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## अनुसूची - ३

### (दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

### सम्झौताको ढाँचा

यो सम्झौता पत्र ............... स्थानीय तह (यस पछि पहिलो पक्ष भनिएको) र ................ कृषि फार्म/उद्यमी कृषक ......... **गा.पा/न.पा. ......**वडा नं. ..... टोल (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिलको सर्त बमोजिमको कुराहरूलाई पालना गर्ने कुरा मञ्जुर गर्दछौं।

यो सम्झौता भएको मिति ...... देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना/इष्टिमेट बमोजिमको कार्य यथाशीघ्र सञ्चालन गरी मितिः ........ साल ........महिना...... गतेसम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेस गर्नु पर्नेछ।

१. यस सम्झौता बमोजिमको ................ कार्यक्रम सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य दोस्रो पक्ष आफैले गर्नु पर्नेछ। दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन।

२. सम्झौता बमोजिमको कार्यसञ्चालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरूप रु. ............ (अक्षरेपी) र दोस्रो पक्षको लागत सहभागिता रु. ............ (अक्षरेपी) व्यहोरिनेछ।

३. दोस्रो पक्षले सम्झौता बमोजिमको .............. कार्यक्रम अन्तरगत ............. व्यवसाय/उद्यम सञ्चालनका लागि सम्झौतामा समावेश गरिएको श्रोत बाहेक अन्य कुनै सरकारी, गैह सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ।

४. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरूले दिएको निर्देशनको पालना गर्नुपर्नेछ।

५. दोस्रो पक्षले ............. कार्यक्रम अन्तर्गत .................. . व्यवसाय सञ्चालन सम्बन्धी कार्यको सार्वजनिक जानकारी गराउनुपर्नेछ।

६. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष विल पेस भए पश्चात सम्बन्धित दोस्रो पक्षको बैंक खातामार्फत भुक्तानी दिनेछ।

७. दोस्रो पक्षको लापरबाहीको कारणबाट कार्य सम्पन्न नभई हानिनोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ।

८. दोस्रो पक्षले स्वीकृत प्रस्तावनाको कार्य तालिका बमोजिम ................ मिति सम्म यो सम्झौता बमोजिमको सम्पूर्ण कार्य (स्वीकृत प्रस्तावना/इष्टिमेट अनुसार) पूर्ण रूपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ।

९. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ।

१०. कार्यविधिको खण्डबाट सम्झौतामा अनिवार्य उल्लेख हुनुपर्ने विषयहरू।

११. कार्यक्रमसँग प्रासङ्गिक अन्य विषयहरू (आवश्यक भएमा)।

१२. कार्यक्रमको विस्तृत लागत इष्टिमेट डिजाइन संलग्न बमोजिम हुनेछ (आवश्यक भएमा)।

१३. भुक्तानी हुने खाता नम्बरः

नामः

खाता नम्बरः

१४. यो सम्झौतामा उल्लेख भएका कुराहरूमा यस बमोजिम र अन्य कुराहरूमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

**<u>पहिलो पक्ष</u>**
दस्तखत
नाम
पद
मिति
कार्यलयको छाप

**<u>रोहवर</u>**
दस्तखत
नाम
ठेगाना
मिति

**<u>दोस्रो पक्ष</u>**
दस्तखत
नाम
पद
मिति
संस्थाको छाप
दस्तखत
**नाम**
ठेगाना
मिति

मितिः साल ......। .... महिना। .... गते

भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रा

## अनुसूची -४
## (दफा ८ को उपदफा (३) सँग सम्बन्धित)
## होर्डिङ्ग बोर्ड (ढाँचा)
## (साइजः ३ फिट * २ फिट)

**स्थानीय तहको नाम**

१. आयोजनाको नामः

२. आयोजना सञ्चालन गर्ने व्यक्ति/फर्म/सहकारी/संस्थाको नामः

३. ठेगानाः

४. आयोजनाको कुल लागत रु.

५. अनुदान रकम रु.

६. अनुदानग्राहीको योगदान रु.

७. अन्य साझेदार निकायको सहभागिता रु.

८. आयोजनाको अवधि : २०८..। ..... ।...... देखि २०८....। . .... ।.......

९. लाभग्राहीहरुको संख्या : ....... महिला ....... पुरुष ............ अन्य

१०.संचालित क्रियाकलापहरु समेत उल्लेख गर्नेः

भूमि व्यवस्था,कृषि तथा

## अनुसूची -५

**(दफा १० को उपदफा (२) सँग सम्बन्धित)**

**त्रैमासिक तथा वार्षिक प्रगति प्रतिवेदनको ढाँचा**

क) **परिचयात्मक विवरण**

१. **आर्थिक वर्षः २०८१/८२**

२. **स्थानीय तहः**

३. **प्रगति प्रतिवेदन अवधिः**

ख) **प्रगति विवरण**

१. **वित्तीय प्रगति**

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक विनियोजित बजेट (रु. हजारमा) | त्रैमासिक ...... विनियोजित बजेट (रु. हजारमा) | हालसम्मको खर्च (रु. हजारमा) | वित्तीय प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

२. **भौतिक प्रगति, प्रतिफल तथा प्रगति नपुगका कारणहरू**

| क्र.सं. | कार्यक्रम / क्रियाकलाप | एकाई | वार्षिक लक्ष्य | ..... त्रैमासिक लक्ष्य | ..... त्रैमासिक प्रगति | हालसम्मको प्रगति | मुख्य मुख्य प्रतिफलहरू | प्रगति नपुगका कारणहरू |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |

३. **लाभान्वित कृषक/लाभग्राहीहरूको विवरण**

| क्र.सं. | लाभग्राहीको नाम (व्यक्ति।कम्पनी।फर्म) | ठेगाना | सम्पर्क नम्बर | अनुदानको विवरण केका लागि कति |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

ग) **कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू र समाधानका उपायहरू**

| क्र.सं. | कार्यक्रम/ क्रियाकलापहरू | कार्यक्रम कार्यान्वयनका प्रमुख समस्याहरू | समाधानार्थ अपनाइएका उपायहरू | प्रभावकारी कार्यान्वयनका लागि सुझावहरू |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

घ) **कार्यक्रम सम्बन्धी कुनै सुझाव भए उल्लेख गर्ने**

**<u>तयार गर्ने</u>**

नाम :

पद :

दस्तखत र मिति :

**<u>प्रमाणित गर्ने</u>**

नाम :

पद :

दस्तखत र मिति :



भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय